पूर्वाञ्चल विश्वविद्यालय
सेवा आयोगको कार्यालय
☎ ०२१-५९०८४१
पो. बक्स नं. : १४२
गोठगांउँ, मोरङ, नेपाल

प.सं./च.नं. ..................

मिति ...........................

## शैक्षिक पदहरूको आन्तरिक प्रतियोगिता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।०६।१३)

पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा रिक्त रहेको निम्नलिखित शैक्षिक पदहरू आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले पू.वि. नियमावली २०५३ (संसोधन सहित)को खण्ड-ख, सेवा सम्बन्धी नियमावली २०५३ को परिच्छेद-४ नियम २० तथा पू.वि. शिक्षक छनौट तथा पदोन्नति प्रक्रिया एवम् कार्यप्रणाली २०७३ बमोजिम पूर्वाञ्चल विश्वविद्यालयको स्थायी सेवामा कार्यरत तोकिएको शैक्षिक तथा अन्य योग्यता पूरा गरेका शिक्षकहरूबाट मिति २०८१ माघ १८ गते दिउँसो ०२:०० बजेसम्म (दोब्बर दस्तुर तिरी २०८१ माघ २५ गते दिउँसो ०२:०० बजेसम्म) पू. वि. सेवा आयोगको कार्यालय, गोठगाउँ, मोरङमा आइपुग्ने गरी २/२ प्रति आवेदन फाराम भरी दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त फाराम उपर कुनै कार्यवाही हुने छैन । आवेदन फारामका साथमा नबिल बैंक लि., विराटनगर पू. वि. सेवा आयोगको कार्यालयको PU SEWA AAYOG OFFICE चल्ती खाता नं. ००७१००१७५१८६०७ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर र तपसिल बमोजिमका कागजातहरूको २/२ प्रति प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपले पेश गर्नु पर्नेछ ।

**तपसिल**

१) प्रवेशिकादेखि माथि सबै तहको शैक्षिक योग्यताको लब्धाङ्क पत्र र शैक्षिक प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि ।

२) अनुभवको पत्र (स्थायी, अस्थायी, करार, बेतलबी विदा, बेतलबी काज, सरूवा, बढुवा आदिको स्पष्ट मिति तथा कार्यरत क्याम्पस/कार्यालय खुलेको प्रमाणित कागजात) ।

३) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ।

४) व्यक्तिगत विवरण (Bio-data) ७ प्रति ।

५) स्थायी/अस्थायी/करार सेवाको नियुक्ति पत्रहरूको प्रमाणित प्रतिलिपि ।

६) आवेदित पदभन्दा एक तहमुनिको पदमा लेखिएको पुस्तक, अनुसन्धानात्मक कृति तथा प्रकाशनहरू (पू.वि. शिक्षक छनौट तथा पदोन्नति प्रक्रिया एवम् कार्यप्रणाली २०७३ को अनुसूची ३ बमोजिम) ।

७) दरखास्त फाराम साथ माथि क्र.सं. १ देखि ६ सम्म उल्लेखित सम्पूर्ण कागजातहरूका साथै आवेदित पदभन्दा एक तहमुनिको पदमा कार्यरत रहँदा विज्ञापन प्रकाशन हुनुभन्दा अगाडि प्रकाशित पुस्तक, अनुसन्धानात्मक कृति तथा प्रकाशनहरू संलग्न गरी बुझाउनु पर्नेछ । अन्यथा तोकिएको कुनै कागजात नपुग भएमा आवेदन फाराम स्वीकृत गरिने छैन ।

८) **(क) विज्ञापन नं., पद र विषयको रिक्त दरबन्दी सम्बन्धी विवरणः**

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| १. | ०३६/०८१।०८२ | प्राध्यापक | व्यवस्थापन | ४ |
| २. | ०३७/०८१।०८२ | प्राध्यापक | जनसंख्या | २ |
| ३. | ०३८/०८१।०८२ | प्राध्यापक | गणित | १ |
| ४. | ०३९/०८१।०८२ | प्राध्यापक | तथ्याङ्कशास्त्र | १ |
| ५. | ०४०/०८१।०८२ | प्राध्यापक | लैङ्गिक समता | १ |
| ६. | ०४१/०८१।०८२ | प्राध्यापक | कम्प्युटर | ३ |
| ७. | ०४२/०८१।०८२ | प्राध्यापक | अंग्रेजी | २ |
| ८. | ०४३/०८१।०८२ | सह-प्राध्यापक | व्यवस्थापन | ३ |
| ९. | ०४४/०८१।०८२ | सह-प्राध्यापक | अर्थशास्त्र | १ |
| १०. | ०४५/०८१।०८२ | सह-प्राध्यापक | तथ्याङ्कशास्त्र | १ |
| ११. | ०४६/०८१।०८२ | सह-प्राध्यापक | गणित | १ |
| १२. | ०४७/०८१।०८२ | सह-प्राध्यापक | बायोकेमेष्ट्री | २ |
| १३. | ०४८/०८१।०८२ | सह-प्राध्यापक | जनसंख्या तथा ग्रामीण विकास | १ |
| १४. | ०४९/०८१।०८२ | सह-प्राध्यापक | सिभिल इञ्जिनियरिङ | २ |
| १५. | ०५०/०८१।०८२ | सह-प्राध्यापक | कम्प्युटर इञ्जिनियरिङ | ३ |
| १६. | ०५१/०८१।०८२ | सह-प्राध्यापक | इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन इञ्जिनियरिङ | ४ |
| १७. | ०५२/०८१।०८२ | सह-प्राध्यापक | मेकानिकल इञ्जिनियरिङ | १ |
| १८. | ०५३/०८१।०८२ | सह-प्राध्यापक | इलेक्ट्रिकल इञ्जिनियरिङ | १ |

# पूर्वाञ्चल विश्वविद्यालय
## सेवा आयोगको कार्यालय

☎ ०२१-५९०८४१
पो. बक्स नं. : १४२
गोठगाउँ, मोरङ, नेपाल

प.सं./च.नं. .................... मिति ............................

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| १९. | ०५४/०८१।०८२ | सह-प्राध्यापक | नर्सिङ | ४ |
| २०. | ०५५/०८१।०८२ | सह-प्राध्यापक | इन्टरनल मेडिसिन | १ |
| २१. | ०५६/०८१।०८२ | सह-प्राध्यापक | अर्थोपेडिक्स | १ |
| २२. | ०५७/०८१।०८२ | सह-प्राध्यापक | जनस्वास्थ्य | २ |
| २३. | ०५८/०८१।०८२ | सह-प्राध्यापक | फार्मेसी | १ |
| २४. | ०५९/०८१।०८२ | सह-प्राध्यापक | माइक्रोबा योलोजी | १ |
| २५. | ०६०/०८१।०८२ | सह-प्राध्यापक | अंग्रेजी | २ |
| २६. | ०६१/०८१।०८२ | सह-प्राध्यापक | पाठ्यक्रम मूल्याङ्कन/ शैक्षिक मूल्याङ्कन | १ |
| २७. | ०६२/०८१।०८२ | सह-प्राध्यापक | सोसल वर्क | १ |
| २८. | ०६३/०८१।०८२ | सह-प्राध्यापक | समाजशास्त्र | १ |

(ख) **बेतनः** पूर्वाञ्चल विश्वविद्यालयको प्रचलित नियमानुसार हुनेछ ।

(ग) **आवेदन दस्तुरः** प्राध्यापक पदका लागि रू. ४,५००।- (चार हजार पाँच सय मात्र), सह-प्राध्यापक पदका लागि रू. ४,०००।- (चार हजार मात्र) ।

(घ) **आवश्यक न्युनतम् योग्यताः**

(१) **प्राध्यापक पदका लागिः**

सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पीएच.डी. उपाधि प्राप्त तथा पूर्वाञ्चल विश्वविद्यालयमा कम्तीमा ११ वर्ष अध्यापन गरेको वा अनुसन्धान केन्द्रमा अविछिन्न रूपमा काम गरेको ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पीएच.डी. उपाधि प्राप्त तथा पूर्वाञ्चल विश्वविद्यालयमा कम्तीमा १२ वर्ष अध्यापन गरेको वा अनुसन्धान केन्द्रमा अविछिन्न रूपमा काम गरेको ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पूर्वाञ्चल विश्वविद्यालयमा कम्तिमा १३ वर्ष अध्यापन गरेको वा अनुसन्धान केन्द्रमा अविछिन्न रूपमा काम गरेको ।

अथवा

सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पूर्वाञ्चल विश्वविद्यालयमा कम्तिमा १४ वर्ष अध्यापन गरेको वा अनुसन्धान केन्द्रमा अविछिन्न रूपमा काम गरेको ।

(२) **सह-प्राध्यापक पदका लागिः**

सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पीएच.डी. उपाधि प्राप्त तथा पूर्वाञ्चल विश्वविद्यालयमा कम्तीमा ६ वर्ष अध्यापन गरेको वा अनुसन्धान केन्द्रमा अविछिन्न रूपमा काम गरेको ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पीएच.डी. उपाधि प्राप्त तथा पूर्वाञ्चल विश्वविद्यालयमा कम्तीमा ७ वर्ष अध्यापन गरेको वा अनुसन्धान केन्द्रमा अविछिन्न रूपमा काम गरेको ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पूर्वाञ्चल विश्वविद्यालयमा कम्तीमा ८ वर्ष अध्यापन गरेको वा अनुसन्धान केन्द्रमा अविछिन्न रूपमा काम गरेको ।

अथवा

सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पूर्वाञ्चल विश्वविद्यालयमा कम्तीमा ९ वर्ष अध्यापन गरेको वा अनुसन्धान केन्द्रमा अविछिन्न रूपमा काम गरेको ।

**द्रष्टव्यः** उल्लेखित विज्ञापनमा भुलबस कुनै त्रुटि हुन गएमा सो सच्याउने अधिकार पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगमा सुरक्षित रहनेछ ।

(नवीन राज पोखरेल)
वरिष्ठ अधिकृत (प्रशासन)